प्रथम पटक प्रकाशन मिति/Date २०८०/१०/१५

# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

ठूलिभेरी नगरपालिका/सबैको लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता SUSWA आयोजना, डोल्पा अन्तरगंत ठूलिभेरी नगरपालिकामा सञ्चालित तपसीलका खानेपानी तथा सरसफाई निर्माण योजना र सार्वजनिक शौचालय निर्माण योजनाहरुका लागि परियोजनाको खरिद निर्देशिका बमोजिम खानेपानी योजना निर्माण र सार्वजनिक शौचालय निर्माण योजनामा प्रयोग हुने निर्माण सामग्रीहरु, पाइपहरु, फिटीङ्गस् तथा औजारहरु खरिद गर्नुपर्ने भएकोले दरभाउपत्र साथ संलग्न परिमाण, दरभाउपत्र साथ उपलब्ध गराइएको स्पेशीफिकेशन बमोजिमको तौल र गुणस्तरका सामानहरु निम्न शर्तहरुको अधिनमा रही आपूर्ति गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्रका लागि आव्हान गरिएको छ।

**शर्तहरु :**

१. विभिन्न आवश्यक निर्माण सामग्री, पाइपहरु, फिटीङ्गस् तथा औजारहरु सप्लाई सम्बन्धी दरभाउपत्र फारम प्रति फाराम रु ३०००। अक्षरेपी रु. तिन हजार मात्र (पछि फिर्ता नहुने गरी) सिटिजन्स बैंक जुफाल, डोल्पामा रहेको आन्तरिक राजस्व खाता ठूलिभेरी नगरपालिका जुफाल, डोल्पा खाता नं. ०९४०१००००००१२०२ मा जम्मा (ठूलीभेरी न.पाको हकमा बैंकमा जम्मा नगरी भौचर काट्न मिल्ने प्रावधान मलाईएको छ) गरी लिखित निवेदनको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, अद्यावधिक कर चुक्ताको प्रमाणपत्र निवेदन साथ संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले पन्ध्रौ दिनको कार्यालय समय भित्र सम्बन्धित नगरपालिकाको कार्यालय/सबैको लागी दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजना (सुस्वा) आयोजना डोल्पा र आयोजना सहयोग इकाई सुर्खेत, बाट खरिद गर्न सकिने छ।

२. खरिद गरिएको दरभाउपत्र फारामहरु रितपूर्वक भरी सूचना प्रकाशित भएको मितिले १६ औं (सोह्रौ) दिनको दिउसो १२:०० बजे भित्र खरिद गरिएको फारम कार्यालय वा सम्बन्धित न.पाको कार्यालय जुफाल, डोल्पामा दर्ता गराउनु पर्नेछ। साथै दरभाउ पत्र खरिद गरेको सक्कलै बैंक जम्मा भौचर सहित दरभाउपत्र फाराम सिलबन्दी गरी सम्बन्धित उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरु, पाइप तथा फिटीङ्गस् सप्लाई सम्वन्धी दरभाउपत्र भन्ने व्यहोरा लेख्नु पर्नेछ।

३. सिलवन्दी दरभाउ पत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ। हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६औं (सोह्रौ) दिनको दिउसो १२.०० वजे भित्र प्राप्त भईसक्नु पर्नेछ।

४. सप्लाई हुने सामग्रीहरुको भुक्तानी उपभोक्ता समितिहरुले नजिकको रोडहेड मा रहेको उपभोक्ता समितिहरुको गोदाममा ढुवानी भै चेकजाँच भएपछि मात्र गर्नेछन। तसर्थ दरभाउपत्र पेश गर्दा जमानत आवश्यक पर्ने छैन।

५. उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरु संकलन गरी **मिति २०८० फागुन ४ गते (अर्थात १९ औं दिनको)** ठूलिभेरी नगरपालिकाको कार्यालय जुफाल, डोल्पामा दिउसो १२:०० बजे उपभोक्ता समितिका खरिद समितिका प्रतिनिधिहरु, साझेदार कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन।

६. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलि पल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र बिक्रि गरिने, दर्ता गरिने वा खोलिनेछ।

७. दरभाउपत्रमा दररेट लेख्दा अंक र अक्षरमा स्पष्ट लेख्नु कपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाइ मान्यता दिइनेछ। अंक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाँप लगाएको हुनु पर्नेछ।

८. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरुमा सुरक्षित रहनेछ।

१०. अन्य शर्तहरु परियोजनाको खरिद कार्यविधि वमोजिम हुनेछ। थप शर्तहरु दरभाउपत्र साथै संलग्न गरिएको छ।

११. यो सूचनामा केहि संशोधन गर्नु परेमा सो को सूचना ठूलिभेरी न.पाको सूचना पाटीमा टाँस गरिनेछ।

१२. अन्य थप जानकारी चाहिएमा ठूलिभेरी न.पा/ वाश शाखा संयोजक धनरुप कार्की सम्पर्क नं. सम्पर्क नं. ९८४८३१६६८३ र सुस्वा आयोजना परियोजना सहयोग ईकाइ कालिन्चोक, ८ विरेन्द्रनगर सुर्खेत कार्यालयको सम्पर्क नं. ९७६२२०६३८७ सम्पर्क गर्न सकिनेछ।

**तपशिलका योजनाहरु**

१. परिला खानेपानी तथा सरसफाइ योजना निर्माण उपभोक्ता समिति, ठूलिभेरी न.पा वडा नं. १० डोल्पा।
२. जुफाल बजार सार्बजनिक शौचालय योजना निर्माण उपभोक्ता समिति, ठूलिभेरी न.पा वडा नं. ७ डोल्पा।
३. दुनै बजार सार्बजनिक शौचालय योजना निर्माण उपभोक्ता समिति, ठूलिभेरी न.पा वडा नं. ३ डोल्पा।

**सयूक्त खरिद समिति**

सृजना

CamScanner